चोकदेखि चिया पसलसम्म बढ्दै छ चुनावी सरगर्मी

सिरहा (जस)- आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभा सदस्य निर्वाचनको सरगर्मी यतिबेला जिल्लाको सदरमुकामदेखि गाउँगाउँसम्मका चोक र चिया पसलहरूमा बढेको छ । बिहानै चियाको तातोपनसँगै केन्द्रमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को महाधिवेशन तयारीका साथै सरकारले घोषणा गरेको निर्वाचनको विषयमा गहन छलफल सुरु हुन थालिसकेको छ। युवाहरूमा पनि चुनावी सरगर्मी उत्तिकै बढेको छ । विशेषगरी, निर्वाचनको माहोल बनाउन यहाँका जेनजी युवाहरू सक्रियतापूर्वक लागिपरेका छन् । लहानमा नगरस्तरीय जेनजी समूह गठन गरी युवा परिचालनमा जुटेका उमेश यादवले निर्वाचनको अपरिहार्यतामा जोड दिए ।

"घोषित मितिमा चुनाव हुनुको विकल्पै छैन । चुनावले मात्रै युवाहरूको मागलाई सम्बोधन गर्न सक्छ । पुरानो नेतृत्वलाई विस्थापित गरी नयाँलाई स्थापित गर्न सक्छ", यादवले भने, "यही हिसाबले हामीले युवालाई सङ्गठित गर्दै वडा, नगर हुँदै क्षेत्रीय समितिहरू गठन र विस्तार अभियानलाई तीव्रता दिएका छौँ ।" उनले जेनजी मधेस प्रदेशका संयोजक शिव यादव र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तासँग समन्वय गरेर चुनावी योजनाहरू अगाडि बढाइरहेको जानकारी दिए ।

युवा नेताहरूले लोकतन्त्रलाई सही मार्गमा ल्याउन र जेनजी आन्दोलनमा उठेका मागको सम्बोधनका लागि पनि निर्वाचनको विकल्प नभएको स्पष्ट धारणा सार्वजनिक गरिरहेका छन् । यद्यपि, सबै पक्ष चुनाव हुनेमा ढुक्क भने छैनन् । स्वतन्त्र युवा भोगेन्द्रकुमार यादवले भने केही दलहरूको तयारी र आन्तरिक विवादका कारण चुनाव हुने/नहुनेमा प्रश्न उठेको बताए। "सुदन गुरुङलगायत जेनजीका अगुवा नेताहरूले यथास्थितिमा चुनाव हुन नदिने धारणा राखेका छन् । अर्कोतिर, नेकपा एमालेसहितका दलहरूले चुनावमा जान आनाकानी गरिरहेको अवस्थामा कसरी चुनाव होला ? यथास्थितिमा चुनाव रोक्न चाहने र चुनावमा जान हिच्किचाउने धारणा दुवैतिर देखिन्छ", भोगेन्द्रको टिप्पणी छ। उनले राष्ट्रलाई सङ्कटबाट निकाल्न सबै पक्ष मिलेर चुनावमा जानुपर्नेमा जोड दिए ।

निर्वाचनको घोषणासँगै जिल्लाका प्रमुख राजनीतिक दलहरू आ-आफ्नो तयारीमा जुटेका छन् । जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य सत्यनारायण यादवले भने, "चुनावको माहोल बनाउन गाउँगाउँ पुगेर एक किसिमको अनौपचारिक अभियानमा लागेका छौँ ।" त्यस्तै, जनमत पार्टीका केन्द्रीय सदस्य बालेश्वर यादवले चुनाव लक्षित कार्यक्रममा आफूहरू होमिसकेको बताए । उनका अनुसार जनमत पार्टीले चुनावको विकल्प नदेखेको र मधेस प्रदेशमा सकारात्मक माहोल बनाउन युवाहरूलाई परिचालन गरिसकेको छ ।

नेकपा (एमाले)का मधेस प्रदेश समितिका सदस्य सुमेश यादवले पार्टीको महाधिवेशन नजिक रहेकाले त्यसको तयारीमा जुटेको बताए । उनले संसद् पुनर्स्थापनाको माग रहे पनि एमाले निर्वाचनबाट नभाग्ने र महाधिवेशनले सबै विषयको छिनोफानो गर्ने प्रस्ट पारे ।
नेपाली कांग्रेसका सिरहा-१ का क्षेत्रीय सभापति तथा लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले नेपाली कांग्रेस लोकतान्त्रिक पार्टी भएकाले निर्वाचनबाट भाग्ने कल्पना पनि गर्न नसक्ने धारणा राखे । उनले पार्टी आन्तरिक रूपमा निर्वाचनको तयारीमा जुटिसकेको स्पष्ट पारे ।

यता नवगठित नेपाली कम्युनिष्ट पार्टीका स्थानीय नेताहरू चुनावी वातावरण बनाउन देशभरि अभियान चलाइरहेको बताउँछन् । पार्टीका युवा नेता हेमन्त यादवले सोही अनुसार तयारी थालेको बताउँदै प्रदेश, जिल्ला तथा नगरस्तरीय एकता घोषणा सभासँगै जेनजी आन्दोलनबाट उठेका मागहरूलाई सकारात्मक रूपमा लिएर चुनावमा जाने धारणा राखे । यसैबीच, जेनजी समूहका युवाहरू निर्वाचनको माहोल सिर्जना गर्न र जेनजी आन्दोलनको उपलब्धि सुनिश्चित गर्न सिराहाका १७ वटै पालिकामा सक्रियता बढाइरहेका छन् । जेनजी समूह सिरहाका सल्लाहकार सुदीप कुशवाहले यस अभियानले युवालाई मतदान प्रक्रियामा जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने बताए । घोषित मिति फागुन २१ गते नजिकिँदै गर्दा नेपालको राजनीतिक परिदृश्यमा निर्वाचनको सुनिश्चितता र त्यसले ल्याउने परिवर्तनको आशाले जनस्तरमा व्यापक बहस र उत्साह जगाएको छ ।

सुदूरपश्चिमको नीति तथा योजना आयोगद्वारा एकीकृत पुस्तक हस्तान्तरण

कैलाली (जस)- सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रमअन्तर्गत जिल्लागत कार्यक्रमको एकीकृत पुस्तक सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलाई हस्तान्तरण गरेको छ । सोमबार प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा जीवन रानासहितको टोलीले मुख्यमन्त्री शाहलाई उक्त पुस्तक हस्तान्तरण गरेको हो । पुस्तक हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री शाहले पुस्तकले प्रदेश सरकार र नागरिकबीच विकासको सेतुका रूपमा कार्य गर्नेमा विश्वास व्यक्त गरे ।

उनले यसले सुशासन प्रवरद्धन गर्दै सरकारको विकास रणनीति र लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउनाका साथै नागरिकलाई बजेट र कार्यक्रमका बारेमा जानकारी दिने बताए । पुस्तकले सरकारप्रति नागरिकको विश्वास र उत्तरदायित्वलाई अझ सबल बनाउनमा थप सहयोग पुग्ने उनको भनाइ छ। प्रदेश सरकारको आर्थिक मामिला मन्त्रालयले प्रत्येक वर्ष प्रदेश सभाबाट बजेट पारित भएपछि वार्षिक विकास कार्यक्रम प्रकाशन गर्दै आएको छ । यस वर्षदेखि प्रदेश नीति तथा योजना आयोगले नौवटै जिल्लाका जिल्ला समन्वय समिति र ८८ वटै स्थानीय तहका निकायगत तथा जिल्लागत कार्यक्रम, नीति तथा कार्यक्रम, आर्थिक विनियोजन विधेयक तथा कार्यक्रम र बजेटलाई समेटेर सङ्क्षिप्त पुस्तक प्रकाशन गरेको हो ।

यसैगरी सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सञ्चार क्षेत्रको संस्थागत विकास गरेर अघि बढ्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । एफएम रेडियोमा कार्यरत पत्रकारका लागि सोमबारदेखि धनगढीमा सुरु भएको अनुशिक्षण कार्यक्रममा उनले सञ्चार क्षेत्रको विकास गर्दै यसलाई भरपर्दो र विश्वासिलो बनाउन सामूहिक ऐक्यबद्धताको खाँचो औंल्याए ।

मुख्यमन्त्रीले समग्र सञ्चार क्षेत्रलाई बलियो बनाउँदै देश र लोकतान्त्रिक व्यवस्थालाई जोगाउने महत्त्वपूर्ण दायित्वबाट सञ्चार जगत चुक्न नहुने धारणा राखे । नेपाल पत्रकार महासङ्घ प्रदेश समितिका अध्यक्ष भरत शाहलगायत वक्ताले आ-आफ्नो धारणा राखेका थिए । नेपाल पत्रकार महासङ्घ र सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संयुक्त आयोजनामा सुरु भएको दुईदिने अनुशिक्षण कार्यक्रममा एफएम रेडियोमा कार्यरत पत्रकारहरूको सहभागिता छ ।

कर्णालीमा कानुन मन्त्रालय मुख्यमन्त्री कार्यालयमा गाभ्ने निर्णय

कर्णाली (जस)- कर्णाली प्रदेश सरकारले आन्तरिक मामिला तथा कानुन मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा गाभ्ने निर्णय गरेको छ । कर्णाली प्रदेश सरकारको सोमबार बसेको मन्त्रिपरिषद् बैठकले कानुन मन्त्रालयलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभ्ने निर्णय गरेपछि अब मुख्यमन्त्री कार्यालयसहित मन्त्रालयको सङ्ख्या सात हुने भएको प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिए ।

"बैठकले यसअघि आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कार्यक्षेत्र रहेका काम अब मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेगरी कार्य विभाजन नियमावली २०७४ अनुसूची हेरफेरसमेत गरेको छ," उनले भने, "यसबाट प्रशासनिक काम चुस्तसँगै चालु तथा प्रशासनिक खर्चबापत करिब रु तीन करोड वार्षिक खर्च कटौती भएसँगै आर्थिक मितव्ययितामा सहयोग पुगेको छ ।"कर्णालीकै पूर्वप्रमुख सचिव डा गोपीकृष्ण खनाल र डा सुरेश तिवारी सदस्य रहनेगरी गत वैशाखमा अवकाश प्राप्त सचिव लक्ष्मण अर्यालको संयोजकत्वमा प्रदेश सरकारले गठन गरेको 'उच्चस्तरीय सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति'को सुझावलाई क्रमशः कार्यान्वयन गर्न र प्रदेश संरचनालाई चुस्त-दुरुस्त बनाउन मन्त्रालयको सङ्ख्या घटाउँदै लैजाने नीतिअनुरुप मन्त्रालय गाभिएको प्रवक्ता शाहले बताए ।

उक्त समितिले गत असार १५ गते प्रदेश सरकारलाई आफ्नो प्रतिवेदन बुझाएकोथियो।प्रतिवेदनले प्रदेशका आठ मन्त्रालयलाई घटाएर ६ वटामा झार्ने, दर्जनौं निर्देशनालय र कार्यालय खारेज गर्ने तथा कर्मचारी दरबन्दीलाई दुई हजार ५०० मा सीमित गर्नेजस्ता महत्वपूर्ण प्रस्ताव अघि सारेको थियो । हाल कार्यरत कर्मचारीको स्वीकृत दरबन्दी कटौती नहुने गरी दरबन्दी मिलाइएको उनले बताए । प्रवक्ता शाहले भने, "एक प्रदेश सचिवसहित २५ कर्मचारीको दरबन्दी कटौती गरिएको छ । दुवै मन्त्रालयमा गरी कर्मचारीको दरबन्दी हाल १०१ जना रहेकामा जम्मा ७६ दरबन्दी कायम गरेको छ । त्यस्तै स्थापना भएर पनि लामो समयदेखि रोकिएको कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको सङ्गठन संरचना र एकजना कार्यकारी निर्देशकसहित १४ जना नयाँ दरबन्दी स्वीकृत गरिएको छ ।"

त्यस्तै, बैठकले कर्णाली खर्च मापदण्ड-२०८२ स्वीकृत गर्दै चालु तथा प्रशासनिक खर्चलाई सङ्घीय कानुनसँग एक रुपता, समयानुसार परिमार्जन तथा मितव्ययी बनाइएको छ । मन्त्रिपरिषद् बैठकले कर्णाली प्रदेश बालविवाह अन्त्यसम्बन्धी रणनीति, २०८२ पनि स्वीकृत गरेको छ भने कर्णाली प्रदेश प्रतिष्ठानमा कार्यकारी निर्देशकका रूपमा उपसचिव सुरेन्द्रबहादुर शाहीलाई बढीमा ६ महिनाका लागि कामकाज खटाउने निर्णय भएको छ । कर्णाली प्रदेश वार्षिक कार्यक्रम तथा विनियोजन ऐनअनुसार सहिद स्मृति र जीवन निर्वाह भत्ताबापत रु चार करोड ८५ लाख ५२ हजार सम्बन्धित स्थानीय तहमा अख्तियारी दिन आर्थिक मामिला तथा कानुन मन्त्रालयलाई जिम्मेवारी दिइएको मन्त्री शाहले जानकारी दिए ।

नयाँ मतदातामा उत्साह, पाँच हजार थपिए

काभ्रेपलाञ्चोक (जस)- काभ्रेपलाञ्चोकमा निर्वाचन घोषणा भएयता पाँच हजार मतदाता थपिएका छन् । सदरमुकाम धुलिखेलस्थित जिल्ला निर्वाचन कार्यालयमा पछिल्लो हप्ताादेखि मतदाता नामावलीमा नाम दर्ता गर्न फोटो खिचाउने घुइँचो लागिरहेको छ । यसअघि तोकिएको कात्तिक ३० गतेसम्मको समयावधिमा भने जिल्लामा करिब पाँच हजार नागरिकले मतदाता सूचीमा नाम समावेश गरेका हुन् । कार्यालयले निर्वाचन घोषणा भएपछि यसअघि तोकिएको समयसम्ममा करिब पाँच हजार मतदाताले फोटो खिचाएको जनाएको छ । मतदाता सूचीमा नाम दर्ता गर्न फोटो खिचाउनेहरूको घुइँचो बढेसँगै निर्वाचन आयोगले मङ्सिर ५ गतेसम्मलाई समयावधि थप गरेको छ ।

कार्यालयका सूचना अधिकारी नरेश मानन्धरका अनुसार गत कात्तिक ३० गत एकै दिन २६४ जनाले मतदातामा सूचीकृत लागि फोटो खिचाएका छन् । त्यस्तै शनिबार बिदाको दिनमा समेत कार्यालयले सेवा प्रदान गर्दा १७ जनाले फोटो खिचाएको मानन्धरले बताए । पछिल्ला केही दिनदेखि दैनिक बिहान ८:०० देखि साँझ ६:०० बजेसम्म सेवा प्रदान गरिरहेको कार्यालयले गत शुक्रबार ३७९ को फोटो खिचाएको मानन्धरले जानकारी दिए ।

पछिल्लो १० दिनको अवधिमा मात्रै दुई हजार ७९८ जनाले फोटो खिचाएको कार्यालयले जनाएको छ । असोज १० देखि कात्तिक २० गतेसम्म दुई हजार १०९ जनाले फोटो खिचाएका थिए । यसैबीच जिल्लास्तरीय निर्वाचन समितिले कात्तिक तेस्रो साता नै निर्वाचनको तयारीस्वरुप मतदानस्थल र मतदान केन्द्रको फेरबदलका लागि सिफारिस गरिसेकको छ । गत कात्तिक १७ गतेसम्म काभ्रेपलाञ्चोकमा तीन लाख १३ हजार ३५० मतदाता कायम भएका थिए । गत कात्तिक १७ देखि ३० सम्म भने तीन हजार ५०० मतदाता थपिएका हुन् ।

जिल्लामा प्रतिनिधिसभाका दुई निर्वाचन क्षेत्र, चार प्रदेशसभा निर्वाचन क्षेत्र, १३ स्थानीय तहमध्ये छ नगरपालिका र सात गाउँपालिका तथा १३५ वडामा गत निर्वाचनमा १९० मतदानस्थल र ३८९ मतदान केन्द्र रहेका थिए । जिल्लामा हाल तीन लाख ७५ हजार २२१ जनसङ्ख्या रहेको छ । निर्वाचन आयोगको निर्णयानुसार मतदाता नामावलीलगायत मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०८१ ले तोकेबमोजिम वडा मतदानस्थल तथा मतदान केन्द्र सिफारिस तथा अन्य कार्य भइरहेको जिल्ला निर्वाचन अधिकारी दिनेश शिवाकोटीले बताए ।

राप्ती नदी सरसफाइ अभियान सञ्चालन

चितवन (जस)- हेटौँडाबाट गोलाघाटसम्म राप्ती नदी सरसफाइ महाअभियान सञ्चालन गरिएको छ । राप्ती नदी तटीय क्षेत्र सरसफाइ अभियान चितवनले तेस्रो राप्ती नदी सरसफाइ दिवसका अवसरमा नदीको मुहानदेखि नारायणीको सङ्गमस्थल गोलाघाटसम्म अभियान सञ्चालन गरेको हो । विगत तीन वर्षदेखि मङ्सिर १ गते राप्ती नदी दिवस मनाउँदै आएको छ । महाअभियानका संयोजक अपिल घिमिरेका अनुसार मकवानपुरको भैंसेबाट प्रारम्भ गरी हेटौँडा हुँदै चितवनको गोलाघाटसम्म 'राप्ती नदी सरसफाइ महाअभियान' सञ्चालन गरिएको हो ।

सरसफाइ महाअभियान मकवानपुर र चितवन जिल्लाको राप्ती किनारमा विभिन्न १६ स्थानमा सोमबार बिहान ८:०० बजे एकैसाथ सुरु गरिएको थियो । चितवनको १३ स्थान र मकवानपुरको तीन स्थानबाट नदी संरक्षणमा लागेका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका व्यक्तिको उपस्थितिमा सरसफाइ गरिएको हो । 'राप्ती नदीको शुद्धता हाम्रो प्रतिबद्धता, राप्ती नदीको जलाधार जन्तुहरूको बाँच्ने आधार' भन्ने मूल नाराका साथ दिवस मनाइएको हो । विगत ११ वर्षदेखि तटीय क्षेत्रका स्थानीयहरू तटीय स्वच्छता, नदी संरक्षण, नदी अधिकार तथा यहाँ आश्रित जीवजन्तुहरूको हितका लागि निरन्तर पैरवी गर्दै आएका छन् । यो अभियानमा हालसम्म स्वयम्सेवीका रूपमा २७ हजार जोडिनुभएको छ भने हजारौँ टन फोहर व्यवस्थापन गरिसकेको घिमिरेले जानकारी दिए ।

विदेश

अस्ट्रेलियाद्वारा टर्कीसँग जलवायु शिखर सम्मेलन सहआयोजनाको प्रस्ताव अस्वीकार

सिड्नी । अस्ट्रेलियाले आगामी वर्ष आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु शिखर सम्मेलन (कोप-३१) का लागि टर्कीद्वारा गरिएको सह-आयोजनाको प्रस्ताव सोमबार अस्वीकार गरेको छ । दुवै देशबीचको प्रतिस्पर्धी बोलीले ब्राजिलको बेलेममा चलिरहेको यो वर्षको जलवायु वार्तालाई प्रभावित गर्दै लगेका कारण अस्ट्रेलियाले यस्तो निर्णय लिएको हो । क्यानबेरा र अङ्कारा दुवैलाई हाल जारी गतिरोध अन्त्य गर्न तथा ब्राजिलको कूटनीतिक छविमा नकारात्मक प्रभाव नपार्न अन्तर्राष्ट्रिय समुदायबाट निकै दबाब परेको छ । कोप-३१ को आयोजक राष्ट्र सर्वसम्मतिले निर्धारण गर्नुपर्ने प्रक्रियाअनुसार अस्ट्रेलिया वा टर्की दुवै मध्ये कुनै एकले बोली फिर्ता नलिएसम्म वा सह-आयोजनामा सहमत नभएसम्म दुवै स्वतः बाहिरिने जोखिममा छन् । यस्तो स्थिति उत्पन्न भए कोप-३१ को जिम्मेवारी निर्धारित व्यवस्थाअनुसार जर्मनीमा सारिन सक्छ, जुन अभूतपूर्व कदम हुनेछ ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले सोमबार टर्कीसँग सह-आयोजना गर्ने प्रस्तावलाई स्पष्ट रूपमा खारेज गर्नुभएको थियो । उहाँले भन्नुभयो, "यो विकल्पै होइन र सबैलाई थाहा छ–त्यसैले यो प्रस्ताव अस्वीकार गरिएको हो ।" यसका विपरीत टर्कीको एक कूटनीतिक स्रोतले अङ्काराले 'सह-अध्यक्षता' मोडेलको वकालत गरिरहेकाले सम्भावित सहकार्यको ढोका खुला नै रहेको तर सहमति नजुटे पनि एक्लै आयोजक बन्न तयार रहेको उल्लेख गरेको छ । अस्ट्रेलियाले आफ्नो प्रशान्त छिमेक राष्ट्रहरूसँग मिलेर दक्षिण अस्ट्रेलियाको एडिलेड सहरलाई सम्भावित आयोजक स्थलका रूपमा प्रस्ताव गरेको छ, जसले जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित प्रशान्त क्षेत्रलाई विश्वको ध्यान केन्द्रित गराउने उद्देश्य राखेको छ । प्रशान्त टापु राष्ट्रहरूले विगतमा कोप शिखर सम्मेलनहरूमा आफ्नो आवाज पर्याप्तरूपमा सुन्न नदिएको वा व्यावहारिक समाधान नदिएको गुनासो गर्दै आएका छन् ।

अस्ट्रेलिया स्वयं पनि जलवायु जोखिमका दृष्टिले कमजोर मानिन्छ । व्यापक वनस्पति-जीवजन्तु तथा उच्च तापक्रमका कारण आगलागीदेखि चरम मौसमी असरसम्म धेरै चुनौतीहरू रहेका छन् । तर यदि अस्ट्रेलिया आयोजक बन्न सफल भयो भने यसले आफ्नो हरित नीतिको कठोर मूल्याङ्कनको सामना गर्नुपर्नेछ ।

Kalika Municipality

Office Of Municipal Executive

Redcrossgram, Chitwan

INVITATION FOR BIDS

First date of publication: - 2082-07-13 (30th October, 2025)

Second date of publication: 2082-08-02 (18th November, 2025)

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the **Construction of following works** under Sealed Quotation - procedures, mentioned in the table below.

S.N.	Contract No.	Description of Work	Estimated Amount (NRs.) Inclusive VAT and PS	Last Date of Bids Submission Date	Bids Opening Date	Bid Validity/Bid Bond Validity Period	Bid Security Amount (NRs.)	Price of Bid Document (NRs.)
1.	11/Works/SQ/KM/082/083	**Electrification and Interior decoration in nagar sabha haal at mahila sanjal**	**19,99.039.83**	**Before 12.00 noon till 2082-08-17 (3rd December, 2025).**	**1:00 PM on 2082-08-17 (3rd December, 2025).**	75 days from the date of Bid opening. **(Up to 2082-11-04 (16th February, 2026))**	**50,000.00**	**1000.00**

Account details for purchasing bidding document and bid security deposit

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.

Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.

Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**

Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

Chief Administrative Officer